अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०८।०३ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत प्रमुख अनुसन्धान अधिकृत रामवावू प्रसाद चौधरीसमेतका उच्च पदस्थ कर्मचारीहरूले सेवा प्रवेश गर्दा र बढुवाको लागि पेस गरेको शैक्षिक प्रमाणपत्रहरू नक्कली रहेकोले निजहरूले पेस गरेका प्रमाणपत्रहरू छानबिन हुन भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज रामवावू प्रसाद चौधरीले राष्ट्रिय अनुसन्धान विभागमा राष्ट्रसेवक पदमा कार्यरत रहँदा बढुवा तथा पदस्थापनसमेत हुने प्रयोजनको लागि BIHAR INERMEDIATE EDUCATION COUNCIL बाट जारी भएको देखिने I.A. तहको MARKS STATEMENT, PROVOSIONAL CERTIFICATE, College Leaving Certificate, Conduct Certificate, MIGRATION CERTIFICATE समेतका झुट्टा तथा नक्कली प्रमाणपत्रहरू पेस गरी राष्ट्रिय अनुसन्धान विभागको प्रमुख अनुसन्धान अधिकृत (रा.प.द्वितीय श्रेणी) पदसम्मको बढुवा तथा पदस्थापन भई राष्ट्रसेवकको ओहदा, लाभ र सुविधासमेत प्राप्त गरेको पुष्टि भएकोले निज रामवावू प्रसाद चौधरीलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने